CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #४८

१५ ।४ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## आन्तरिक रोजगारी प्रवर्द्धन गर्न युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना”

कोभिड - १९ का कारण विश्वमै रोजगारीका क्षेत्रमा आएको संकुचनले नेपालको श्रम बजार प्रभावित भएको छ । यसले ठुलो संख्यामा श्रमिकले रोजगारी गुमाउनु परेको अवस्थालाई मध्यनजर गर्दै आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न विश्व बैंकको ऋण सहयोगमा आर्थिक रुपमा विपन्न बेरोजगार युवालाई रोजगारी सृजना गर्न, सिप तथा क्षमता अभिवृद्धी र रोजगारमुलक सेवा विस्तार गर्ने लक्षका साथ यो आयोजना सरकारले अघि सारेको छ ।

कुल रकम
करिब रु. १४ अर्ब

जम्मा अवधी
४ वर्ष

कुल रकमको ९०% रकम स्थानीय तहका सार्वजनिक पूवाधारको मर्मत सम्भार तथा स्तरोन्नती गर्ने गरी रोजगारी सृजना गर्ने

लाभान्वित मध्ये
६०% महिला हुनुपर्ने

एक लाख बेरोजगारलाई
रोजगारी दिने लक्ष

स्रोत: https://moless.gov.np/?p=3522#post/0

## नेपाल अपडेट




सुर्खेतको वीरेन्द्रनगरमा सुरक्षा मापदण्ड अपनाउदै शुरु भएको हेयर कटिङ

तस्बिर: मुना हमाल

### परिक्षण

पिसिआर परिक्षण: ३,६४,६४८
पोजेटिभ: १९,५४७
उपचाररत: ५,२४७
मृत्यु : ५२






Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



त्रि.वि.ले शिक्षकहरुको बिदा समाप्त भएकोले काममा आउनु भनेको छ । तर, लामो दुरीका गाडी नचलेकाले बिदामा घर गएका शिक्षकले आउन पाएका छैनन् । उनिहरुकालागि के व्यवस्था

लामो दुरिका सार्वजनिक यातायात नचलेका कारणले धेरै शिक्षक आफ्नो क्याम्पसमा उपस्थित हुन नसक्ने देखिएको छ । यस्तो अवस्थामा, लामो दुरीका सार्वजनिक यातायात सुचारु हुन थालेको ७ दिन सम्म त्रि.वि.को नजिकैको आंगिक क्याम्पसमा नियमित उपस्थित हुने व्यवस्था गरिएको छ । यसरी उपस्थित हुने शिक्षकहरुले विद्युतिय माध्यमबाट आफ्नो क्याम्पसमा जानकारी गराउनु पर्नें छ । यातायात सुचारु भएको ७ दिन भित्र हाजिरी प्रमाणित गराई आफ्नो क्याम्पसमा बुझाउन ल्याएपछि सम्बन्धित शिक्षकको नियमित हाजिरी कायम हुनेछ ।

स्रोतः https://cutt.ly/TsBpzxO



अबको एक हप्ता ठुलो पानी पर्छ रे । कुन क्षेत्रमा बढी सतर्कता अपनाउनुपर्ने हो ?

बाढी पूर्वानुमान महाशाखाका अनुसार कन्काई, कोशी, नारायणी, तिनाउ, पश्चिम राप्ती, बबई र यसका सहायक नदीजलाधार लगायत प्रदेश १, २, गण्डकी प्रदेश, प्रदेश ५ र सुदूरपश्चिम प्रदेश भई बग्ने साना नदीमा बहाव सतर्कता आसपास पुग्ने र केही साना नदीमा बहाव खतरा आसपास पुग्ने अनुमान गरिएको छ । तसर्थ तटिय क्षेत्रमा उच्च सतर्कता अपनाउन पनि अनुरोध गरिएको छ ।

स्रोतः https://cutt.ly/NsBH5ex



सरकारले नवप्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमी व्यवसायीलाई २ प्रतिशत व्याजदरमा कर्जा उपलब्ध गराउने भनेको थियो । किन ढिलाई भएको हो ?

कोभिड - १९ का कारण र आगामी आ.व.२०७७/७८ मा नवप्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमी व्यवसायीलाई २ प्रतिशत व्याजदरमा कर्जाको रुपमा प्रदान गर्ने सन्दर्भमा बजेट वक्तव्यको बुँदा नं. ५९ मा व्यवस्था भए बमोजिम कार्यविधि संसोधन गर्नुपर्ने भएकोले मिति २०७७ असोज मसान्त सम्म प्रस्ताव पेश गर्ने म्याद थपिएको छ । संसोधित कार्यविधि र विविध प्रकृयाको बारेमा अर्को सुचना सम्प्रेषण गर्ने जानकारी राष्ट्रिय योजना आयोगले सूचना प्रकाशित गरी जानकारी गराएको छ ।

स्रोतः https://www.npc.gov.np/images/category/Notice12.pdf



काठमाण्डौमा कोभिड - १९ का संक्रमित बढे भनेर काठमाण्डौ जिल्ला प्रशासन कार्यालयले सेवा बन्द गर्नलागेको हो ?

सेवा बन्द गर्नलागेको हैन । काठमाण्डौमा कोभिड - १९ का संक्रमित बढेसंगै भौतिक दुरी कायम गनुपर्ने भएकोले २०७७/४/१८ गते देखी लागु हुने गरी अर्को व्यवस्था नभए सम्मकालागी सेवा प्रवाहको ढाँचा परिवर्तन गर्ने भनेको हो । जस अनुसार तोकिएको दिन तोकिएका पालिकाले मात्र सेवा पाउनेछन् र तोकिएको सेवा मात्र प्रवाह हुनेछ । विस्तृत रुपमा बुझ्न तलको लिंक हेर्नुहोस् ।

स्रोतः https://daokathmandu.moha.gov.np/

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न निःशुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट

**३२१००** मा डायल गर्नुहोस्

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| २,७२,५९० संक्रमित | ६५,९०३ संक्रमित | ४०,३११ संक्रमित | १,१०,१५३ संक्रमित | ६०,२२३ संक्रमित | ७९,१५९ | ८,९६४ संक्रमित | १४,२६९ |
| १७५० नेपाली संक्रमित | १५०० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २०,६०० नेपाली संक्रमित | २००० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | |
| ९ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १६ मृत्यु भएका नेपाली | ३० मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोतः https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

**मध्यपूर्वका देशहरुमा ईद सुरु भएको छ ।**
**तर, यो वर्ष भेला,समारोह र जमघटमा नजानुहोस्**

लामो समय छुट्टी हुने भएकाले यो बेलामा रमाईलो गरौं भन्ने उदेश्यले साथीहरु भेला हुने, घुम्न जाने गरिन्छ । तर, अहिलेको समय पहिले जस्तो सामान्य नभएकोले हामी यसो गर्न सक्दैनौं । केही देशहरुमा त यसलाई उलंघन गरेमा कारवाही गर्ने कडा नियमहरु पनि बनेकाछन् । जस्तै, यू.ए.ई.मा यदी कसैले यस्तो भेला, पार्टी वा जमघटको आयोजना गरेमा १०,००० दिरहाम र यस्तो पार्टीमा सहभागी हुन गएमा ५,००० दिरहाम जरीवाना लाग्दछ । त्यस्तै खसी, बोका ल्याएर आफ्नो एकोमोडेसनमा काटेको खण्डमा २०,००० दिरहाम सम्म जरीवाना लाग्ने भएकाले मासु खानु परेको खण्डमा बुचरहरुबाट मात्र कटाउन या लिन पाईने बताईएको छ ।






कुवेतमा अगस्ट १ देखी व्यापारिक उडान सुरु हुने भएका छन् । जसको कारणले अगष्ट १ पछी कुवेतमा चार्टर उडान गर्न नपाईने भएको छ । त्यस्तै नेपालमा भने अगष्ट १७ पछी मात्र व्यापारिक उडान हुने भएकाले, अगष्ट १ देखी अगष्ट १७सम्म नेपाल र कुवेत बिच कुनै उडान नहुने देखीएको छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्व ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्व २६ करोड**

**दाता**

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्व १० करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार


| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## आ.व. २०७५/७६ मा प्रदेश नं. ५ को बेरुजुको अवस्था

जम्मा लेखा परीक्षण भएको रकमको

३.९३%

बेरुजु खर्च
रु. ९४,६८,३४,०००




प्रमाण कागजात पेश नभएको
५१.५०%

नियमित गर्नुपर्ने
११.०९%

पेश्की
३४.०४%

असुलउपर गर्नुपर्ने
३.८१%

जम्मा लेखा परीक्षण गरिएको रकम

**३०.२ अर्ब**


जम्मा लेखापरीक्षण गरिएका कार्यालय **१५३**

बेरुजु देखिएका कार्यालय **११०**

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## आर्थिक वर्ष २०७५/७६ मा प्रदेश नं. ५ को खर्च बेरुजु देखिएका मन्त्रालयको तुलनात्मक अध्ययन




कर्णाली प्रदेशमा जम्मा ९४ करोड ६० लाख खर्च बेरुजु देखिन्छ । जुन उसको जम्मा लेखा परीक्षण भएको रकमको ३.१३% हो । करिब ७२% (१५३ मध्ये ११०) कार्यालयहरुमा खर्च बेरुजु भएको देखिन्छ । प्रदेश नं. ५ मा ५१% भन्दा बढी बेरुजु प्रयाप्त प्रमाण कागजात पेश नगरी गरिएको कारणले भएको छ । प्रयाप्त प्रमाण कागजात पेश नगरी गरिएको खर्चले कार्यालयको नैतिकता माथी प्रश्न उठाउँछ । यसलाई रोक्नको लागि तत्काल कदम चाल्न जरुरी छ । त्यसै गरेर प्रदेश नं. ५ को पेश्कीमा पनि बेरुजु बढी (३४%) छ ।

प्रदेशका प्राय जसो मन्त्रालय र कार्यालयहरुमा कम बेरुजु देखिनु राम्रो कुरा हो । तर भौतिक पूर्वाधार विकास मन्त्रालय र सामाजिक विकास मन्त्रालय मा ४५ करोडका दरले बेरुजु देखिनछ । यि मन्त्रालय अन्तरगत ठुलो विकासको कार्य हुने भएकोले भौतिक पूर्वाधार र सामाजिक विकासमा भएको खर्चको उपाधेयता देखिदैन । यस्तो ठुलो रकम बेरुजु हुनु नियामक र निर्णयकर्ताका लागि चिन्ताको विषय हो । किन भने यसले पैसा प्राथमिक क्षेत्रमा खर्च भएको छैन अथवा कानुन सम्मत खर्च भएको छैन भन्ने देखाउँछ ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# फ्रन्टलाईनर्स भोईसेस्



## डा. निराजन दत्त शर्मा

कन्सल्ट्याण्ट फिजिसियन, सेती प्रादेशिक अस्पताल, धनगढी

"सुदूरपश्चिममा पहिलो केस देखिए पछि म मात्र हैन, सिंगो सुदूरपश्चिम डराएको थियो । सबै कुरा शुन्यबाट सुरु गर्नुपर्ने अवस्था थियो । आवश्यक सुरक्षा उपकरण थिएनन् । पुरै स्यानिटाईज गरेर काम गर्नुको विकल्प थिएन । कोरोना संक्रमितका परिवारका सदस्य जब सञ्चो भएर मात्र आउनु है भनेर हात हल्लाएर जान्थे, तब हामी माथी जिम्मेवारीको बोझ अझै बढेको महसुस हुन्थ्यो । बिरामी सञ्चो भएर मुसुमुसु हाँस्दै डिस्चार्ज भएको दिन ठुलो युद्ध जितेको महसुस हुन्थ्यो । यसले हामीलाई सेवामा खटिन बढी प्रेरित गर्‍यो । अहिले त हामीसंग प्रयाप्त स्रोत र उपकरण भएकोले तयारी अवस्थामा छौं ।"

## प्रेम भण्डारी

वडा अध्यक्ष, धनगढी उप-महानगरपालिका, वडा नं. ९ कैलाली

"धनगढी नाका भएर एकै पटक भारतबाट नेपाली आउँदा उनीहरूको व्यवस्थापन गर्न हम्मे हम्मे भयो । वडाका सबै विद्यालयलाई क्वारेन्टाईन बनाउन खोज्दा समुदायमा संक्रमण सर्छ भनेर अवरोध भयो । अर्को तर्फ उनिहरुको व्यवस्थापनमा खटिदा आफैमा संक्रमण सर्छ भनेर परिवार त्रसित थियो । त्यस माथी प्रदेश सरकारले जिम्मेवारी त दियो, तर व्यवस्थापन गर्न चाहिने आधारभुत स्रोत पनि नभए पछि काम गर्न थप चुनौती थपियो । विकल्पको रुपमा वडाको स्रोत र अन्य स्थानीय स्रोत, साधन र सहयोगबाट क्वारेन्टाईन व्यवस्थापन गर्न सफल भयौं ।"





## गिता पन्त

वडा सदस्य, धनगढी उप-महानगरपालिका, वडा नं. १०, कैलाली

"म बाहिर निस्कदा, मेरा छरछिमेकले यो त कहाँकहाँ गएर आउँछे, भारतबाट आएका मान्छे पनि भेटेर आउँछे, यसले नै हामीलाई कोरोना सार्छे सम्म भने । तर, मेरो परिवारले मलाई हौसला दियो । पीडित नागरिकको उद्दार गर्नु र उनिहरुमा भएको त्रास हटाउनु मेरो जिम्मेवारी हो भन्ने बोध मेरो परिवारले बढी गराईदियो । कुनै पनि काममा एकै पटक पूर्ण सफलता पाईदैन । काम गर्दै जाँदा सिकने रहेछ । आफ्नो टाउकोमा जिम्मेवारी आउँदा मात्र थाहा हुँदो रहेछ भन्नेकुरा पनि म जस्ता वडा सदस्यलाई अहिलेको परिस्थितिले सिकायो ।"

# कुल गार्हस्थ उत्पादनमा कोभिड - १९ को असर

सन् २०१४ देखी २०१६ सम्ममा विशेष गरेर गुयना, लाईबेरीया र सेरालियोनमा फैलिएको ईबोला भाईरसका कारण ति देशहरुको कुल गार्हस्थ उत्पादनमा ठुलो असर परेको थियो । जुन ८.६% ऋणत्मक थियो । तर, कोभिड - १९ को असर विश्वव्यापी नै परेको छ । यस पटक बढी प्रभावित राष्ट्रको कुल गार्हस्थ उत्पादन औषतमा ८.७% ले ऋणतमक रहने देखाएको छ । यसको प्रभाव अझै कायम रहेकोले नतिजा अझै नकारात्मक हुन सक्छ । जवकी सन् १९१८ देखी १९२० मा विशेष गरेर चिन, भारत, ईन्डोनेसिया, रुस, अमेरिका लगायत विश्वव्यापी फैलि( एको स्पेनिस फ्लुको महामारीले विश्को कुल जनसंख्याको २५% जनसंख्या प्रभ( ावित हुँदा पनि कुल गार्हस्थ उत्पादनमा ०.८% ले परिवर्तन भएको थियो । यसको मतलव कोभिड - १९ ले कुल गार्हस्थ उत्पादनमा विश्वमा फैलिएका हाल सम्मका महामारी मध्ये सबै भन्दा ठुलो असर गरेको छ ।




## नेपालको कुल गार्हस्थ उत्पादनमा कोभिड - १९ को क्षेत्रगत असर



कोभिड - १९ को असरले गर्दा नेपालको कुल गार्हस्थ उत्पादनमा २.३% ले गिरावट आउने अनुमान गरिएको छ । क्षेत्रगत प्रभाव हेर्ने हो भने, रेमिट्यान्स्, प्रयटन र निर्माण क्षेत्रमा कोभिड - १९ को असर उच्च छ । जसको कुल गार्हस्थ उत्पादनमा क्रमस: २५.३%, ६.७% र ७.७७% योगदान रहेको छ । त्यसै गरेर सबै भन्दा बढी योयदान हुने क्षेत्र खाद्य तथा कृषि क्षेत्रमा पनि कोभिड - १९ मध्यम असर पर्ने देखिएको छ ।

आर्थिक वर्ष २०१८/१९ मा मात्र नेपालमा ८ खर्ब ७९ अर्व ३० करोड रेमिट्यान्स् भित्रियो । हाल नेपाली कामदारहरु १७२ राष्ट्रका लागि श्रम स्वीकृती लिएर का( मगर्नछन् । विशेष गरेर कतार, यु.ए.ई., साउदी अरव, कुवेत, बहराईन, भारत, मलेसिया, अमेरीका, जापान र दक्षिण कोरिया प्रमुख गन्तव्य स्थल हुन । कोभिड - १९ कै कारण यि देशहरुमा भएको आर्थिक संकुचनले गर्दा कामदार कटौतिका नयाँ नियमहरु लागु हुदैछन् । जसको प्रत्यक्ष प्रभाव नेपाल जस्ता उच्च रेमिट्यान्स भित्र्याउने देशहरुलाई पर्दछ । अध्यागमन विभागका अनुसार, लकडाउनको अवधी २०७६ चैत्र १४ गते देखी २०७७ असाढ ३१ गते सम्म जम्मा २७,५८३ जना नेपाली हवाई नाकाबाट नेपाल पर्किए । धेरै अझै आउने तयारीमा छन भने, धरै उद्दारको प्रतिक्षामा छन् । अवको विकल्प भनेको कम जाखिम भएका क्षेत्रमा रोजगारी सृजना गर्ने र उच्च जोखिमयुक्त क्षेत्रलाई नयाँ ढंगबाट उकास्नु नै हो ।




- सुरेश चन्द -

सही सूचना

# सार्क राष्ट्रमा भएका एक्टिभ, सञ्चो भएका र मृत्यु भएका केस हरू

## सार्क राष्ट्रमा कोभिड - १९ को संक्रमण पुष्टि भएको संख्या प्रतिशतमा





माथिको ग्राफले सार्क क्षेत्रमा कोभिड – १९ बाट मृत्यु भएका, सञ्चो भएका र एक्टिभ केसको प्रतिशत देखाउँछ । औषतमा १.३ प्रतिशत संक्रमितको मृत्यु भएको छ । त्यसै गरेर ७३.७ प्रतिशत सञ्चो भएकाछन् भने, संक्रमित मध्ये जम्मा २५ प्रतिशत एक्टिभ केस छन् । एक्टिभ केस र सञ्चो हुनेको सन्दर्भमा नेपालको अवस्था सार्क क्षेत्र जस्तै भए पनि मृत्युदर भने तिन गुणाले कम छ । नेपालमा मृत्युदर कम हुनुको प्रमुख कारण, संक्रमित बृद्धबृद्धा भन्दा युवाको संख्या बढी हुनुले हुनसक्छ । समयमै लकडाउन गर्नाले पनि अहिले सम्म संक्रमितको संख्या सिमित छ । यद्यपी नेपालको केही ठाउँमा समुदाय स्तरमा पनि संक्रमण फैलिएको कुरा आईरहँदा, नेपालका लागि चुनौति अझै बाँकी छ भन्न सकिन्छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि जुलाई महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219